# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, कार्यपालिकाचोक
बागमती प्रदेश, नेपाल

### जडिबुटी, कवाडी र जीवजन्तु कर संकलनको लागि विद्युतीय बोलपत्र आह्वानको सूचना
प्रथम प्रकाशित मितिः २०८२।१२।१७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार यस बनेपा नगरपालिका क्षेत्र भित्र उत्पादन भई निकासी हुने जडिबुटी, कवाडी र जीवजन्तुजन्य वस्तुमा जडिबुटी, कवाडी र जीवजन्तु करको संकलन गर्न आर्थिक वर्ष ०८२।०८३ र ०८३।०८४ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लिन चाहने योग्य फर्म, कम्पनी वा संस्थाले मिति २०८३।०१।१७ गते दिनको १२:०० बजे भित्रमा रीतपूर्वक विद्युतीय बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै बोलपत्र फारम खरिद तथा पेश गर्ने कार्य सार्वजनिक खरिद अनुगमन कार्यालय(PPMO) को e-GP प्रणालीको www.bolpatra.gov.np/egp मार्फत गर्नुपर्नेछ ।

तपसिलः

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | प्रतिवर्ष न्यूनतम कबोल अंक (मु.अ.क.बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने) |
|---|---|---|---|---|---|
| १. | रा/क/१/२०८२/०८३ | बनेपा नगरपालिका क्षेत्रभित्र उत्पादन भई निकासी हुने जडिबुटी, कवाडी र जीवजन्तु कर संकलन गर्ने । | ६०,००,०००।- (साठी लाख रुपैयाँ) | ५ % | रु.३०००।- (तीन हजारमात्र) |

<u>बोलपत्र सम्बन्धी शर्तहरु:</u>

१. बोलपत्र फारम दस्तुर (रु.३०००।-) दाखिलाका लागिः
   - क. बैंकः नेपाल बैंक लि., बनेपा शाखा
   - ख. खाता नं.: 01503000001001000001
   - ग. खाताको नामः GA1.1 BANEPA NA.PA. AANTARIK RAJASWA KHATA
   - घ. राजस्व शिर्षक नं.: 14229

२. दर्ता भएका बोलपत्र फारमहरु मिति २०८३।०१।१७ गते दिनको १३:०० बजे नियमानुसार यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताले संस्था/फर्म/कम्पनी दर्ता तथा २०८२।०८३ सम्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मु.अ.क./स्थायी लेखा नम्बर प्रमाणपत्र ०८१।०८२ सम्मको करचुक्ता पेश गरेको हुनुपर्नेछ ।

३. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमशः सो पश्चात कार्यालय खुल्ने पहिलो दिन हुनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि कुनै बाधा पर्ने छैन ।

४. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

५. बोलपत्रदाताले धरौटी बापत वार्षिक कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम नगद जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक जमानतपत्रको सक्कलै प्रति संलग्न गरेको हुनुपर्नेछ ।

६. स्वीकृत बोलपत्रदातालाई सम्झौताका लागि दिएको म्यादभित्र उपस्थित भई सम्झौता नगरेमा राखिएको धरौटी जफत हुनेछ । स्वीकृत बोलपत्रदाताले सम्झौताको लागि स्वीकृत अंकका दरले हुन आउने कुल रकममा नघट्ने गरी मिति २०८४ साल श्रावण मसान्तसम्म म्याद भएको बैंक जमानतपत्र सक्कलै पेश गर्नुपर्नेछ । तर स्वीकृत बोलपत्रदाताले कुल कबोल अंक अग्रीम रुपमा एकमुष्ट बुझाउन चाहेमा कबोल अंकको पाँच प्रतिशत रकम छुट दिईनेछ र अग्रीम दाखिला गर्दा बुँदा नं. १ मा उल्लेखित बैंक खातामा दाखिला गरेको सक्कलै प्रति सम्झौताका लागि उपस्थित हुँदा पेश गर्नुपर्नेछ ।

७. बोलपत्रदाताले बुँदा नं. ५ र ६ को अन्तर्गत नगद धरौटी राख्न चाहेमाः

क. बैंकः नेपाल बैंक लि., बनेपा शाखा

ख. खाता नं.: 01503000003000000001

ग. खाताको नामः GA3.1 BANEPA NA.PA. DHARAUTI KHATA

घ. राजस्व शिर्षक नं.: 14313

८. बोलपत्रदातालाई यस ठेक्का सम्बन्धी कुनैपनि विषयमा जिज्ञासा तथा जानकारी लिनुपरेमा मिति २०८३।०१।०३ गते विहान ९:०० बजे नगर कार्यपालिकाको कार्यालयमा पूर्व बोलपत्र वैठक राखिएको छ ।

९. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी सम्झौता अवधिभरका लागि धरौटीकै रुपमा रहनेछ ।

१०. स्वीकृत दररेटभन्दा बढी शुल्क असूल गर्न पाईनेछैन । साथै सम्झौताका कारण तिर्नु/बुझाउनु पर्ने कर दायित्व स्वीकृत बोलपत्रदाताले नै तिर्नु/बुझाउनु पर्नेछ ।

११. ठेक्का सम्झौता भई कार्यदेश पाएको मितिदेखि प्रारम्भ भई मिति २०८४ असार मसान्तसम्म कायम रहनेछ । यस बमोजिम बोलपत्रदाताले दुई आर्थक बर्ष अवधिको लागि कबोल गरेको अंकमध्ये ठेक्का संचालन गर्ने अवधिको आधारमा दामासहीले हुन आउने रकम बुझाउनुपर्नेछ ।

१२. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क.(VAT) १३ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

रकम दाखिला गर्ने तालिकाः

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| पहिलो | सम्झौताका बखत | सम्झौता अंकको ५० प्रतिशतले हुन आउने रकम र बाँकी रकमको लागि ठेक्का अवधि समाप्त हुने मितिभन्दा ३० दिन बढी म्याद भएको बैंक जमानत पत्र | बोलपत्र पेश गर्दाको बखत राखिएको धरौटी रकम समायोजन नहुनेगरी |
| दोस्रो | २०८३ पौष मसान्तभित्र | सम्झौता रकमको २५ प्रतिशत | |
| तेस्रो | २०८३ चैत्र मसान्तभित्र | बाँकी रकम | |

१३. स्वीकृत बोलपत्रदाता ठेकेदारले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन । तोकिए बमोजिमको करशुल्क उठाउने दायित्व स्वीकृत बोलपत्रदाता ठेकेदारको हुनेछ । त्यसमा कार्यालयको कुनैपनि जिम्मेवारी हुनेछैन ।

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

१४. नेपाल सरकार, प्रदेश सरकार र बनेपा नगरपालिकाबाट समय-समयमा प्राप्त हुने ठेक्का सम्बन्धी निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाताको दायित्व हुनेछ ।

१५. कुनैपनि बोलपत्र कारण खुलाई वा नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । ठेक्का सम्झौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गर्ने निर्णय मान्य हुनेछ ।

१६. यो सूचना यस कार्यालयको Website: www.banepamun.gov.np मा हेर्न सकिनेछ । साथै विस्तृत जानकारीका लागि बनेपा नगरपालिकाको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१७. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

<u>बोलपत्र सम्बन्धी अन्य शर्तहरु:</u>

१. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेखित प्रयोग गरिएका रसिदको एक प्रति नगरपालिकामा बुझाउनुपर्नेछ ।

२. ठेकेदारले उठाउने करशुल्क नगरपालिकाले तोकेको दररेटमा नै उठाउनुपर्नेछ । साथै, कर संकलन केन्द्रमा साईन बोर्डमा सम्झौता बमोजिमको दररेट स्पष्ट रुपमा लेखि राख्नुपर्नेछ ।

३. जडिबुटी, कवाडी, जीवजन्तु कर संकलन गर्दा नगरभित्र उत्सर्जन भएका प्रचलित कानूनले वर्जित गरेको बाहेकका जडिबुटी, कवाडी र जीवजन्तुको स्रोतबाटमात्र संकलन गर्नुपर्नेछ । यसको लागि राजमार्गमा तगारो राख्न पाईनेछैन । यदि तोकिएको क्षेत्रभन्दा बाहिरको कर संकलन गरेको भनि उजुरी प्राप्त भई प्रमाणित भएमा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ । यस वापत ठेकेदारले कुनैपनि क्षतिपूर्ति दावी गर्न पाउनेछैन ।

४. कर संकलन गर्दा प्रचलित कानूनले वर्जित गरेको बाहेकको वस्तुमा जडिबुटी, कवाडी र जीवजन्तु बाहेकको वस्तुमा मात्र नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची-५ बमोजिमको दररेटमा गर्नुपर्नेछ । दररेट सम्बन्धी विवरण नगरपालिकाको वेवसाइट www.banepamun.gov.np मा रहेको आर्थिक ऐन, २०८२ को अनुसूची-५ को क्र.सं. १, २ र ३ हेर्न सकिनेछ ।

५. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनुपर्नेछ । अन्तिम किस्ता समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असूल गरिनेछ।

<u>जडिबुटी, कवाडी र जीवजन्तु कर सम्बन्धी दररेट:</u>

| क्र.सं. | विवरण | एकाई | लाग्ने कर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | जडिबुटी/वनकस | प्रतिटन | २०० | |
| २. | कवाडी जीवजन्तु कर | | | |
| | क. छाला ठूलो | प्रतिगोटा | ३० | |
| | ख. छाला सानो | प्रतिगोटा | १५ | |
| | ग. हाड | प्रतिकिलो | १ | |
| | घ. सिङ, खुर | प्रतिकिलो | २ | |
| | ङ. प्वाँख | प्रतिकिलो | १ | |

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | कवाडी | | | |
| | क. १ खाली सिसी (वियर) बोतल, सिसा | प्रतिगोटा | ०.५ | |
| | ख. खाली सिसी (मदिरा र अन्य) ५०० मि.लि.भन्दा बढी | प्रतिगोटा | ०.२ | |
| | ग. खाली सिसी (मदिरा र अन्य) ५०० मि.लि.भन्दा कम | प्रतिगोटा | ०.२ | |
| | घ. प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालन, जर्किन आदि) | प्रतिकिलो | १ | |
| | ङ. ५० किलोसम्म खाद्यान्न अट्ने प्लाष्टिक र जुटका बोरा | प्रतिगोटा | ०.१ | |
| | च. १०० किलोसम्म खाद्यान्न अट्ने प्लाष्टिक र जुटका बोरा | प्रतिगोटा | ०.१५ | |
| | छ. झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा, कालो कपास) | प्रतिकिलो | ०.५ | |
| | ज. गार्मेन्टको कपडाको टुक्रा | प्रतिकिलो | ०.५ | |
| | झ. जलेको मोबिल | प्रतिलिटर | १ | |
| | ञ. पाना अखबार | प्रतिकिलो | ०.१ | |
| | ट. अन्य कागज (कार्टुन समेत) | प्रतिकिलो | ०.५ | |
| | ठ. फलाम | प्रतिकिलो | १ | |
| | ड. टायर ट्युब | प्रतिकिलो | २ | |
| | ढ. तामा पित्तल | प्रतिकिलो | १ | |
| | ण. स्टील | प्रतिकिलो | १ | |
| | त. ब्याट्री | प्रतिकिलो | २ | |

..............................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत